# हरिपुर्वा नगरपालिका सर्लाहीको (कार्यपालिकाबाट पारित:२०८१।२।११)

# नगरअनुदान स्वयंमसेवक शिक्षक व्यवस्थापन कार्यविधि२०८१

यस नगरपालिकाबाट स्वीकृत भएको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७६ स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सार्वजनिक जानकारीका लागि देहाय बमोजिमका कार्यविधि प्रकाशन गरिएको छ ।

## प्रस्तावना

हरिपुर्वा नगरपालिका अन्तरगत संचालित समुदायिक विद्यालयहरुमा शुन्य शिक्षक दरबन्दी तथा उच्च शिक्षक विद्यार्थी अनुपातलाइ मध्येनजर गरी अपुग शिक्षकको मागलाई पूर्ती गर्न स्वयमसेवक शिक्षक छनौटको मापदण्ड निर्धारण, परीक्षा संचालन, नियुक्ति तथा पदस्थापनलाई व्यवस्थित, मर्यादित एवम् स्तरीय बनाउन र योग्य एवम् सक्षम जनशक्तिको छनौट गरी शिक्षाको गुणस्तर अभिवृद्धि गर्न हरिपुर्वा नगरपालिको प्रशासकीय कार्य विधि(नियमित गर्न) ऐन,२०७५ को दफा ४ बमोजिम नगर अनुदान स्वयमसेवक शिक्षक व्यवस्थाप कार्यविधि,२०८१ जारी गरिएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम नगर अनुदान स्वयमसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०८१ रहेको छ र यो कार्यविधि कार्यपालिकाले पारित गरेको मितिदेखि लागू हुनेछ ।

### परिच्छेद - २

### परिभाषा र व्याख्या

१. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **'ऐन'** भन्नाले नगरपालिकाको शिक्षा ऐनलाइ सम्झनु पर्छ ।

(ख) **'प्रारम्भिक बालविकास विद्यालय'** भन्नाले चार वर्ष उमेर पुरा गरेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा दिने विद्यालय सम्झनु पर्छ ।

(ग)**'कार्यपालिका'** भन्नाले हरिपुर्वा नगरपालिकाको नगरकार्यपालिकालाई सम्झनु पर्छ ।

(घ)**'नगरपालिका'** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको हरिपुर्वा नगरपालिकालाई सम्झनु पर्छ।

(ङ)**'धार्मिक विद्यालय'** भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा, जस्ता धार्मिक विद्यालयहरुलाइ जनाउँदछ ।

विनोद कुमार साह
नगर प्रमुख

(ङ)**'धार्मिक विद्यालय'** भन्नाले परम्परागत रुपमा चलिआएका गोन्पा, गुम्बा, गुरुकुल, आश्रम, मदरसा, जस्ता धार्मिक विद्यालयहरुलाई जनाउँदछ ।

(च) **'छनौट समिति'** भन्नाले नियम १८ बमोजिम गठन हुने स्वयमसेवक शिक्षक छनौट समितिलाई सम्झनुपर्छ ।

(छ) **'प्रधानध्यापक'** भन्नाले शिक्षा नियमावली, २०५९ को नियम ९३ बमोजिम नियुक्त विद्यालयको प्रधानध्यापक सम्झनु पर्छ ।

(ज) **'प्रमुख'** भन्नाले नगरपालिकाको प्रमुखलाई सम्झनु पर्छ ।

(झ)'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ञ)**'व्यवस्थापन समिति'** भन्नाले शिक्षा ऐनको दफा १२ बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ट)**'शिक्षा अधिकृत'** भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

(ठ)**'शिक्षा शाखा'** भन्नाले नगरपालिकामा रहेको शिक्षा हेर्ने विभागलाई सम्झनु पर्छ ।

(ड)**'शिक्षक सेवा आयोग'** भन्नाले संघिय कानुन बमोजिम गठन भएको शिक्षकहरुको नियुक्ति सिफारिस आदि गर्ने आयोग सम्झनु पर्छ ।

(ढ)**'बालविकास स्वयमसेवक सहजकर्ता'** नगरपालिकाद्धारा व्यवस्थापन गर्ने गरी कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्रारम्भिक बालविकास तहमा अध्यापन गर्ने स्वयमसेवक शिक्षक सम्झनुपर्छ ।

(ण)**'प्राथमिक स्वयम सेवक शिक्षक'** भन्नाले नगरपालिकाद्धारा व्यवस्थापन गर्ने गरी कार्यपालिकाबाट स्वीकृत अनुदान कोटामा नियुक्त भएको प्राथमिक तहमा अध्यापन गर्ने स्वयमसेवक शिक्षक सम्झनुपर्छ।

(त)**'निम्म माद्यमिक स्वयमसेवक शिक्षक'** भन्नाले नगरपालिकाद्धारा व्यवस्थित कार्य पालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको आधारभूत तह कक्षा ६-८ मा अध्यापन गर्ने स्वयमसेवक शिक्षक सम्झनुपर्छ ।

(थ)**'माद्यमिक स्वयमसेवक शिक्षक'** भन्नाले नगरपालिकाद्धारा व्यवस्थित कार्य पालिकाबाट स्विकृत अनुदान कोटामा नियुक्त भएको माद्यमिक तहमा अध्यापन गर्ने स्वयमसेवक शिक्षक सम्झनुपर्छ ।

(द)**'स्वयमसेवक शिक्षक '** यस कार्यविधि बमोजिम छनौट भई सामुदायिक र धार्मिक विद्यालयमा नियुक्त हुने शिक्षक र नगरपालिकाबाट स्थापना अनुमति पाई सञ्चालन हुने बालविकास केन्द्रमा नियुक्त हुने बालविकास सहजकर्ता एवम् नगरपालिकाबाट थप गरिएको कोटामा नियुक्त हुने शिक्षक समेतलाई बुझ्नु पर्छ ।

(ध)**'विषय विशेषज्ञ'** भन्नाले स्वयमसेवक शिक्षक छनौट परीक्षा संचालनको लागि नगर पालिकाबाट सूचिकृत भएका वा जिल्लाभित्रका सूचिकृत भएका प्राथमिक, निम्न माद्यमिक र माद्यमिक तहका शिक्षकहरुलाई सम्झनुपर्छ ।

(न)**'नगरसभा'** भन्नाले संघिय कानून बमोजिम गठन भएको हरिपुर्वा नगरपालिकाको नगरसभालाई सम्झनुपर्छ ।

## परिच्छेद-३

**दरबन्दी सृजना, योग्यता र छनौट तथा नियुक्ति प्रकिया**

(१) नगरसभाबाट स्विकृत कार्यक्रम अनुसार नगरकार्यपालिकाले प्रारम्भिक बालविकास, प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक तहका स्वयमसेवक शिक्षकहरुको अनुदान कोटा (दरबन्दी) सृजना गर्न सक्नेछ।

(२) स्वयमसेवक शिक्षकको कोटा(दरबन्दी) वितरण देहाय बमोजिमका मापदण्डको आधारमा वितरण गरिनेछ।

(१) शून्य दरबन्दी भएको विद्यालयहरुलाई पहिलो प्राथमिकता दिने

(२) एकजना मात्र शिक्षक दरबन्दी भएको विद्यालयलाई थप गर्ने

(३) विद्यालयमा संचालित कक्षा, तह र विद्यार्थी संख्यालाई आधार लिई थप गर्दै जाने

(४) आधारभुत तह (६-८) र माध्यमिक तह संचालित विद्यालयहरुको हकमा विषयगत दरबन्दीलाई समेत आधार लिई वितरण गरिनेछ।

(५) पहिला देखि नै निजी स्रोतमा र निशुल्क खटिरका शिक्षकलाई प्राथमिकता दिइनेछ।

(६) पहिला देखिनै स्वयमसेवक शिक्षकको कोटा विद्यालयलाई दिए पनि भर्ना हुन नसकेका र भर्ना भए पनि रिक्त भएका कोटाहरुमा यही कार्यविधि अनुसार भर्ना गरिनेछ ।

(४) स्वयमसेवक शिक्षकको योग्यता तथा तालिम सम्बन्धि व्यवस्था : परिच्छेद ३ बमोजिम सृजना भएका दरबन्दीमा नियुक्ति हुने स्वयंसेवक शिक्षकको योग्यता तथा तालिम देहाय बमोजिम हुनेछ।

**१ प्रारम्भिक बालविकास**

क मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.इ.इ तह वा सो सरहका परीक्षा उत्तीर्ण गरेको

(ख) नेपाली नागरिकता प्राप्त गरेको,

(ग) १८ वर्ष उमेर पुरा भएको

**तर पहिला देखि नै विद्यालयमा अध्यापन गरेका शिक्षकको हकमा एस.इ.इ वा सो सरह उत्तीर्ण गरेको र उमेरको हक नलाग्ने ।नगरपालिकाबाट थप भएका बालविकास सहजकर्ताको अनुदान कोटामा विवाहित महिला उम्मेदवार विशेष प्राथमिकता दिइनेछ। पहिलो विज्ञापनमा आवश्यकता अनुसार दरखास्त नपरेमा दोस्रो पटकको विज्ञापनमा उमेरको हद नलाग्ने (वढीमा ४५ वर्ष सम्मको)लाई पाउने र अध्यापन अनुमति पत्र नचाहिने।**

**तर माथि जुनसुकै लेखिएको भएपनि प्रारम्भिक बालविकासका लागिअध्यापन अनुमति पत्र नचाहिने**

**(१) प्राथमिक तह :**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको

(ख) शिक्षा विषयमा कम्तीमा १० महिने तालिम प्राप्त गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उत्तीर्ण गरेको ।

(ग) नेपाली नागरिकता प्राप्त गरेको,

(घ) १८ वर्ष उमेर पुरा भएको

(ङ) अध्यापन अनुमति पत्र प्राप्त गरेको

नगर प्रमुख
बिनोद कुमार साह



CamScanner

तर आधारभूत तहमा उम्मेदवार हुन सामुदायिक वा धार्मिक विद्यालयमा कार्यरत निजि स्रोतका शिक्षकहरुलाई पालिकाबाट भएको विज्ञापनको हकमा न्यूनतम शैक्षिक योग्यता एस एल सी वा सो सरह उत्तीर्ण भएमा, स्थायी अध्यापन अनुमति पत्र नभएमा उमेर पूरा भएको भए पनि उम्मेदवार हुन बाधा पर्नेछैन् । पहिलो विज्ञापनमा आवश्यकता अनुसार दरखास्त नपरेमा दोस्रो पटकको विज्ञापनमा उमेरको हद नलाग्ने (वढीमा ४५ वर्ष सम्मको)लाई पाउने र अध्यापन अनुमति पत्र नचाहिने

**(२) निम्न माध्यमिक तह:**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ख)सामाजिक अध्ययन विषयको हकमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको,

(ग) गणित-विज्ञान विषयको हकमा गणित र विज्ञान दुवै विषयहरु लिई प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उर्त्तीर्ण गरेको,

(घ)शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको वा शिक्षा शास्त्रमा प्रविणता प्रमाणपत्र तह वा सो सरहको परीक्षामा २०० पूर्णाङ्कको शिक्षा विषय लिई उर्त्तीर्ण गरेको ।

(ङ) नेपाली नागरिकता प्राप्त गरको ।

(च) अध्यापन अनुमतिपत्र

पहिलो विज्ञापनमा आवश्यकता अनुसार दरखास्त नपरेमा दोस्रो पटकको विज्ञापनमा अध्यापन अनुमति पत्र नचाहिने

**(३) माध्यमिक तह:**

(क) मान्यता प्राप्त शिक्षण संस्थाबाट परीक्षा दिने विषयमा स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको,

(ख) सामाजिक अध्ययन विषयको हकमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

(ग) स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयका लागि स्वास्थ्य शिक्षा, जनसंख्या शिक्षा, स्वास्थ्य जनसंख्या र वातावरण शिक्षा तथा स्वास्थ्य र शारीरिक शिक्षा विषयमध्ये कुनै एक मूल विषय लिई स्नातक तह वा सो सरह उत्तीर्ण गरेको

(घ) शिक्षा विषयमा कम्तिमा १० महिने तालिम लिएको वा शिक्षा शास्त्रमा कम्तिमा स्नातक तह उत्तीर्ण

(ङ) नेपाली नागरिकता प्राप्त गरेको

(च)अध्यापन अनुमति पत्र प्राप्त गरेको

तर पहिला देखि निरन्तर विद्यालयमा अध्यापन गरिरहेका शिक्षकको हकमा बाहेक अन्य भर्ना गरिने स्वयं सेवक शिक्षकलाई अध्यापन अनुमति पत्र अनिवार्य हुनेछ । पहिलो विज्ञापनमा आवश्यकता अनुसार दरखास्त नपरेमा दोस्रो पटकको विज्ञापनमा उमेरको हद नलाग्ने (वढीमा ४५ वर्ष सम्मको)लाई पाउने र अध्यापन अनुमति पत्र नचाहिने

**५. उम्मेदवारको लागि अयोग्यता : देहायका व्यक्तिहरु स्वयंसेवक शिक्षक अनुदान पदमा उम्मेदवार हुनको लागि योग्य हुन सक्ने छैनन :**

(क) गैर नेपाली नागरिक

(ख) १८ वर्ष उमेर नपुगेको,



CamScanner

(ग)४० वर्ष उमेर पूरा भएको

(घ) मगज विग्रेको

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार ठहरिएको भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट वर्खास्त गरिएको,

(च) तालिम नलिएको

(छ)शिक्षण अध्यापन अनुमति पत्र नलिएको (पहिला देखि नै निरन्तर अध्यापन गरिरहेका शिक्षकलाई नपर्ने )

(ज)तर खण्ड ग मा जुनसुकै कुरा उल्लेख गरेपनि विद्यालयमा निरन्तर पहिलादेखि नै कार्यरत शिक्षकका लागि उमेरको हद लाग्ने छैन् । पहिलो विज्ञापनमा आवश्यकता अनुसार दरखास्त नपरेमा दोस्रो पटकको विज्ञापनमा उमेरको हद नलाग्ने (बढीमा ४५ वर्ष सम्मको)लाई पाउने र अध्यापन अनुमति पत्र नचाहिने । माथि जुनसुकै कुरा लेखेपनि प्रारम्भिक बालविकासमा उम्मेदवार हुन अध्यापन अनुमति पत्र नपर्ने

(झ) बालविकास दरबन्दी नभएका धार्मिक विद्यालयहरु र सामुदायिक विद्यालयमा मा कम्तिमा १ जना बालविकास स्वयमसेवक शिक्षकको व्यवस्था गरिनेछ ।

**६. पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया:** परीक्षाको पाठ्यक्रम, परीक्षण प्रणाली तथा मूल्याङ्कन प्रकृया शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ तर बालविकास सहजकर्ताको हकमा परीक्षा समितिले तोके बमोजिम हुनेछ ।

**७.स्वयंसेवक शिक्षक छनौट समिति:** स्वयंसेवक शिक्षक नियुक्तिको लागि सिफारिस गर्न नगरपालिकामा देहाय बमोजिमको एक छनौट समिति रहनेछ :

**(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत - संयोजक**

**(ख) विषय विज्ञ -सदस्य**

**(ग) शिक्षा शाखा प्रमुख वा निजले तोकेको व्यक्ति - सदस्य**

**तर आवश्यकताको आधारमा विद्यालयका प्र अ र विषय विशेषज्ञ र कर्मचारी थप गर्न सकिनेछ ।**

**८. स्वयंम सेवक शिक्षकको पदपूर्ति देहाय बमोजिम गरिनेछ :**

(१)स्वयंसेवक शिक्षकको पदपुर्ती तोकिएको योग्यता पुगेका उम्मेदवारहरु बीच खुला प्रतियोगितात्मक परीक्षाद्वारा गरिनेछ ।

(२) स्थानीय अपाङ्ग, महिला, दलित, मूस्लिम र पहिलादेखि विद्यालयमा काम गरिहरेका लाई प्राथमिकता दिइनेछ ।

(३) मदरसामा मदरसाहरुका उम्मेदवारवीचमात्र प्रतिस्पर्धा गराइनेछ ।

(४) समावेशी बनाइनेछ :

नगर प्रमुख
बिनोद कुमार साह



CamScanner

हरिपुर्वा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर्वा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

स्वयमसेवक शिक्षक भर्नालाई समावेशी वनाउन कार्यपालिकाबाट स्वीकृत संख्या मध्ये पैतालिस प्रतिशत पद छुट्याई सो प्रतिशतलाई शत प्रतिशत मानी देहायका उम्मेदवारहरु वीचमा मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपुर्ति गरनेछ ।

(क) महिला : ३३%

(ख) दलित : २७%

(ग) अपाङ :२२%

(घ) तराई मधेशका आदिवासी : ९%

(ङ) मुस्लिम : ९%

(५) हरिपुर्वा नगरपालिका अन्तर्गत रहेका सामुदायिक र धार्मिक विद्यालयमा अध्ययपन गराएका र गरिरहेका निजी स्रोत, अनुदानमा कार्यरत, स्वयमसेवक शिक्षकहरुलाई (मा वि आधारभूत प्राथमिक र बालबिकास सहजकर्ताको) आन्तरिक प्रतिस्पर्धा गराई पदपूर्ति गराइने छ ।

(६) उपनियम ४ बमोजिम विज्ञापन गर्दा उपयुक्त उम्मेदवार उपलब्ध हुन नसकेमा त्यस्तो पद अर्को विज्ञापनमा खुला प्रतियोगिताद्धारा पूर्ति गरिनेछ ।

(७) नगर शिक्षा समितिको निर्णय अनुसार आवश्यकताको आधारमा विद्यालयलाई नै नगर स्वयमसेवक शिक्षक नियुक्तिको लागि अनुमति प्रदान गर्न सिकनेछ ।

**९.स्वयंसेवक शिक्षक छनौट सम्बन्धि व्यवस्था देहाय बमोजिम हुनेछ ।**

(१) स्वयमसेवक शिक्षक छनौट गर्न कम्तिमा ७ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(२) स्वयंसेवक शिक्षक नियुक्तिका लागि(जिल्ला र स्थानीय तहमा) सूचिकृत विषय विज्ञहरुबाट प्रश्नपत्र निर्माण गरी नगरपालिकाले सुरक्षित र गोप्यता साथ राख्नेछ । नगरपालिकामा कार्यरत मा वि स्थायी शिक्षकलाई पहिलो प्राथमिकता दिइनेछ ।

(३). योग्यता पुगेका इच्छुक उम्मेदवारले तोकिएको ढाँचामा फारम भरी नगरपालिकामा तोकिएको म्यादभित्र बुझाउनु पर्नेछ ।

(४). शिक्षक सेवा आयोगले प्राथमिक, निम्नमाध्यमिक र माद्यमिक तहको खुला प्रतियोगितात्मक परीक्षाका लागि निर्धारण गरेको लिखित परीक्षाको प्रथम पत्र, द्धितीय पत्र र मौखिक परीक्षा पद्धती अनुरुप स्वयंसेवक शिक्षकहरुको छनौट हुनेछ ।

(५)स्वयंसेवक शिक्षकको परीक्षा( मदरसा र सामुदायिक विद्यालयका बालविकास स्वयमसेवक बाहेक) एउटा तहको एउटै मिति र स्थानमा संचालन गरिनेछ



विनोद कुमार साह तेली
नगर प्रमुख

**१०.स्वीकृत नामावलीको सूची टाँस गर्नु पर्नेः** नगरपालिकाले दरखास्त दिने अन्तिम म्याद समाप्त भएपछि दरखास्त स्वीकृत भएका सबै उम्मेदवारको नामावली सूची तयार गरी सूचना पाटीमा टाँस गर्नु पर्नेछ।

**११. परीक्षा हुने मिति,समय र केन्द्रः** नगरपालिकाले तोकिएको मिति समय र केन्द्रमा संचालन हुनेछ।

**१२. परीक्षा दस्तुतः** नगरपालिकाले तोके बमोजिम हुनेछ।

**१३.परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क** :(१) नगरपालिकाबाट लिइने प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछ।

(क) लिखित परीक्षाको पूर्णाङ्क देहाय बमोजिमको हुनेछ।

(१) लिखित परीक्षाको पूर्णाङ्क : २०० (बहुवैकल्पिक १०० र विषयगत १००)उत्तीर्णांक क्रमशः ५० र ४०

(२) अन्तरवार्ताको पूर्णाङ्क : ४०

तर बालविकास सहजकर्ता स्वयमसेवकको परीक्षा लिखित पूर्णाङ्क १००(बहुवैकल्पिक) र अन्तरवार्ता मात्र हुनेछ ।लिखित परीक्षाको उत्तीर्णांक ५० अन्तर्वार्ता ४० अंकको हुनेछ ।

**१४. सफल उम्मेदवारको सूची प्रकाशन गरिने** :(१) लिखित र प्रयोगात्मक परीक्षा लिइएकोमा सो परीक्षा समेतबाट उत्तीर्ण भई सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्यबाट आवश्यक पद संख्यामा शिक्षक सेवा आयोगले तोके बमोजिमको अनुपातमा उत्तीर्ण उम्मेदवारहरु थप गरी अन्तरवार्ताको लागि उम्मेदवारको नाम वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ।

**१५. अन्तरवार्ता सम्बन्धि व्यवस्थाः** नियम १३ बमोजिम प्रकाशित सूचनामा उल्लेखित उम्मेदवारको अन्तरवार्ता लिनको लागि छनौट समितिको संयोजकको अध्यक्षतामा अन्तरवार्ता समिति गठन गर्ने र आवश्यक परेमा समितिको कुनै सदस्यको संयोजकत्वमा तीन सदस्यीय अन्तरवार्ता उपसमिति गठन गर्न सक्नेछ।

**१६.अन्तरवार्ताको अंक** : अन्तरवार्ताको लागि छुट्याइएको ४० अङ्क देहाय बमोजिम दिइनेछ।

**(क) शैक्षिक योग्यता** :५ अंक सेवा प्रवेशको लागि तोकिएको मध्ये न्युनतम शैक्षिक योग्यताको प्रथम श्रेणीको भए ३ द्धितीय २ अंक प्रदान गरिनेछ।

माथिल्लो शैक्षिक योग्यताको प्रथम श्रेणी भए २ द्धितीय श्रेणी भए १ अंक प्रदान गरिने छ। कुनै उम्मेदवारको माथिल्लो शैक्षिक योग्यता एक भन्दा बढी भएमा उम्मेदवारले चाहेकको तहको शैक्षिक योग्यता पेश गर्न सक्नेछ।

**(ख) अनुभवः** १५ अंक ( सामुदायीक विद्यालयमा अध्यापन गरेका उम्मेदवारलाई प्रति वर्ष ३ अंकका दरले बढीमा १५ अंक प्रदान गरिनेछ।

**(ग) अन्तरवार्ता** : २० अंक (७० प्रतिशत भन्दा बढी र ४० प्रतिशत भन्दा कम दिनुपरेमा पुष्ट्याई पेश गर्नुपर्ने छ ।

**अन्तरवार्तामा विषयवस्तुको ज्ञान, व्यक्तित्व, मनोविज्ञान, पेशा प्रतिको धारणा, बालमनोविज्ञान, शिक्षण विधि ,देशको भुगोल, आर्थीक,सामाजिक, राजनीतिक विषयमा रहेर प्रश्न गरिनेछ ।**

**१७. योग्यताक्रम प्रकाशित गर्ने:**

(१)लिखित र प्रयोगात्मक परीक्षा लिएको भए सो परीक्षामा सफल भएको उम्मेदवारले अन्तरवार्तामा प्राप्त गरको अंक जोडी सबै परीक्षाबाट सफल भएका उम्मेदवारको नाम, नियुक्तिको लागि सिफारिस सहित योग्यताक्रम प्रकाशित गर्नु पर्नेछ । त्यसरी सिफारिस गर्दा उपलब्ध भएसम्म रिक्त पद सख्याको दश प्रतिशतले हुने संख्या उम्मेदवारको नाम वैकल्पिम सूचीमा राख्नु पर्नेछ ।

(२). एक भन्दा वढी तहमा सफल हुने उम्मेदवारलाई माथिल्लो तहको लागि सिफारिस गरिनेछ ।

**१८.नियुक्ति दिने** : सिफारिस गरिएको उम्मेदवारलाई नगरकार्यपालिकाको शिक्षा शाखाबाट नियुक्तिको लागि सार्वजनिक सूचना प्रकाशित गरेको मितिले सात दिन भित्र नियुक्ति लिनु पर्नेछ । कुनै मूल उम्मेदवारले नियुक्ति १५ दिन भित्र नलिएमा , बैकल्पिक उम्मेदवारलाई नियुक्ति गरिने छ ।

**१९. छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) दरखास्त फारमहरु दर्ता तथा संकलन गर्ने गराउने

(ख) लिखित परीक्षाका लागि निर्माण गरिएका प्रश्नपत्र गोप्यता कायम गर्ने

(ग) लिखित परीक्षाका संचालन गर्न आवश्यक परीक्षा केन्द्र र जनशक्तिको व्यवस्था गर्ने

(घ) मर्यादित ढंगले लिखित परीक्षा संचालन गर्ने गराउने

(ङ) लिखित परीक्षाको उत्तरपुस्तिका शिक्षक सेवा आयोगको परीक्षण विधि अनुसार परीक्षण गराउने

(च) लिखित परीक्षाको नतिजा प्रकाशन गर्ने

(छ) अन्तरवार्ताको कार्यक्रम प्रकाशन गर्ने

(ज) लिखित र अन्तरवार्ताको अन्तिम नतिजा प्रकाशन गर्ने

(झ) नियुक्तिका लागि सिफारिस गर्ने

(ञ) छनौट प्रक्रियामा कुनै दुविधा उत्पन्न भएमा शिक्षक सेवा आयोग कार्यविधिको अवलम्बन गर्ने

## २०. स्वयंसेवक शिक्षकको पदास्थापना:

उम्मेदवारको नियुक्ति सिफारिसको योग्यताक्रम, अनुभव, शैक्षिक योग्यता, विद्यालयको आवश्यकता तथा विशिष्टताको आधारमा तोकिएको कार्य क्षेत्रमा नगरकार्यपालिकाको निर्णय बमोजिम स्वयंसेवक शिक्षकको पदास्थापना गरिनेछ ।

## २१. काम, कर्तव्य र अधिकार:

(१)विद्यालय व्यवस्थापन समिति र विद्यालयका प्रधानाध्यापकप्रति उत्तरदायी हुनुपर्नेछ ।

(२)विद्यायलद्धारा तोकिएको तह, कक्षा र विषयको अध्यापन गराउनु पर्नेछ ।

(३)विद्यालयको भौतिक, शैक्षिक तथा व्यवस्थापकीय वातावरण सुधारमा सहयोग गर्नुपर्नेछ ।

(४)विद्यार्थीलाई सम्मानजनक र भेदभावरहित व्यवहार गर्नुपर्ने ।

(५)प्रचलित कानूनले तकिएका शिक्षकका अन्य आचार संहिता पालना गर्नुपर्नेछ ।

## २२. सेवा, सुविधा:

यस कार्यविधि बमोजिम नियुक्ति हुने शिक्षकले विद्यालयका अन्य शिक्षक कर्मचारी सरहकै कार्यघण्टा व्यतित गरी नगरपालिकाले तोके बमोजिमको चाडपर्व खर्च, पोशाक भत्ता र पारिश्रमिक सुविधा पाउनेछन । नगरकार्यपालिकाको निर्णय अनुसार प्रत्यक वर्ष पारिश्रमिकको पूनरावलोकन गरिनेछ । प्राथमिक तहमा रु १७००० निम्नमाध्यमिक तहमा रु १९००० र मा वि तहमा रु २३००० हजार भन्दा माथि पारिश्रमिक गरिनेछन ।वालविकास स्वयमसेवको पारिश्रमिक नगरपालिकाले तोके बमोजिम हुनेछ ।

## २३. विदा सहुलियत:

(१)यस कार्यविधि बमोजिम नियुक्ति स्वयमसेवक शिक्षकले अन्य शिक्षक कर्मचारीले पाए सरहको भैपरि तथा पर्व मात्र पाउनेछन् ।

(२) हरिपुर्वा नगर सभाले विनियोजन गरेको स्वयंसेवक शिक्षक अनुदान शिर्षकको अधिनमा रही नगर कार्यपालिकाको निर्णय अनुसार पदस्थापना गरिएको स्वयंसेवक शिक्षकको लागि प्रोत्साहन भत्ता तत् विद्यालयमा अनुदान स्वरुप उपलब्ध गराइने र विद्यालयले सो रकमबाट स्वयमंसेवक शिक्षकको प्रोत्साहन भत्ता बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाउने छैन् ।

(३) स्वयंसेवक शिक्षकको नियुक्ति प्रक्रिया सम्बन्धि खर्च स्वयंसेवक शिक्षकको प्रोत्साहन अनुदान अन्तर्गत विनियोजित शिर्षकबाट शिक्षक सेवा आयोगको स्विकृत नर्म्सको बमोजिम खर्च गरिनेछ ।

परिच्छेद - ४

**विविध**

**२४. आवेदन दस्तुर** : स्वयमसेवक शिक्षक आवेदन दस्तुरबालविकासको लागि ३०० प्राथमिक तहको लागि रु ५००, निम्न माध्यमिक तहको लागि रु. १००० र माध्यमिक तहको लागि रु १५०० सम्म तोक्न सकिनेछ । एक भन्दा वढी समूहमा दरखास्त दिदा थप २०० दस्तुर लाग्नेछ ।

**२५. वैठक भत्ता तथा पारिश्रमिक** : परीक्षा समितिमा रहि कामकाज गरे वापत परीक्षा समितिको पदाधिकारी तथा कर्मचारीको लागि प्रति वैठक रु. १५०० नगरपालिकाबाट प्राप्त हनेछ ।

**२६.स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सकिने** : संघिय सरकार तथा प्रदेश सरकारबाट शिक्षक दरवन्दी प्राप्त भएमा वा विद्यालयमा पर्याप्त शिक्षक भएमा शिक्षक विद्यार्थी अनुपातको आधारमा नगरपालिकाले स्वयंसेवक शिक्षक अनुदान थपघट वा खारेज गर्न सक्ने छ ।

**२७ स्वयमसेवक शिक्षकको अवकाशः** नगर स्वयमसेवक शिक्षक अनुदान कोटामा एक आर्थिक वर्षका लागि उपलब्ध भएको मानिनेछ ।अर्को आर्थिक वर्षका लागि अनुदान कोटा उपलब्ध नभएमा वा अनुदान निकासा नभएमा नगर स्वयमसेवक शिक्षक स्वतः अवकाश भएको मानिनेछ ।स्वयमसेवक शिक्षकको निरन्तरताका सम्वन्धमा नगर शिक्षा समितिले अन्तिम निर्णय गर्नेछ ।

**२८-उजुरी तथा निर्णयः** यस कार्य विधि वमोजिम नियुक्त हुने शिक्षकको नियुक्ति प्रक्रिया लगाएतका विषयमा नगरपालिका कार्यालय समक्ष उजुरी दिन सकिनेछ । प्राप्त उजुरीका सम्वन्धमा नगर शिक्षा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

**२९. प्रचलित कानून लागू हुने** : प्रचलित कानुनमा व्यवस्था भएका विषयहरुका सम्बन्धमा सोही बमोजिम हुनेछ ।

**३०. खारेजीः** नगर कार्यपालिकाले यो कार्यविधि जुन सुकै वखत खारेज गर्न सक्नेछ ।

**३१. अन्तिम व्याख्या** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा हुन गएमा नगरकार्यपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

विनोद कुमार शाह तेली
नगर प्रमुख

# अनुसूचीहरु

## अनुसूचि १

## सूचनाको विज्ञापन

प्रथम पटक प्रकाशित

विषय: स्वयम सेवक शिक्षक विज्ञापन सम्बन्धमा ।

प्रस्तुत विषयमा यस **यस नगर पालिकाको नगर शिक्षा समितिको** मिति २०८१।८२ को निर्णय अनुसार निम्न तहमा स्वयम सेवक शिक्षक भर्नाको लागि तपसिल बमोजिम दरखास्त आह्वान गरिन्छ ।

वि.न पद माग संख्या विषय तह

| क्र. स. | समूह | खुला | महिला | दलित | अपाङ्ग | मधेशी आदिवासी | मुस्लिम |
|---|---|---|---|---|---|---|---|
| १ | विज्ञापन नं | | | | | | |
| | वालविकास | | | | | | |
| २ | विज्ञापन नं | | | | | | |
| | प्रा.वि. | | | | | | |
| ४ | विज्ञापन नं | | | | | | |
| | नि मा वि | | | | | | |
| ५ | विज्ञापन नं | | | | | | |
| | मदरसा प्रा वि | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| विज्ञापन नं | | | | | |
| विषय | | | | | |
| मा वि | | | | | स्वयमसेवक |

**आवश्यक योग्यता तथा कागजातहरु:**

१. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि २. नेपाली नागरिकताको प्रमाणीत प्रतिलिपि

३. हस्तलिखित निवेदन र व्यक्तिगत विवरण ४आधारभूत तहको लागि सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा **सो सरह**
५.अध्यापन अनुमति पत्र हासिल गरेको प्रतिलिपि

६.सम्बन्धित विषयका योग्यता भन्दा माथिल्लो योग्यता भएकालाई विशेष प्राथमिकता दिइनेछ । ७.पासपोर्ट साइजको फोटो २ प्रति

८.उमेर १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको ९.दस्तुर रु.**वालविकास** ५०० प्रा.वि.८०० नि.मा.वि. १०००। मा. वि.१५००

१०. छनौट प्रक्रिया: लिखित, मौखिक ११. दरखास्त दिने अन्तिम मिति:

१२.दरखास्त बुझाउने स्थान: विज्ञापन गरिएको सम्बन्धित विद्यालयमा

अत: पहिलै देखि विद्यालयमा अध्यापन गरीरहेका शिक्षकको हकमा यस नगरपालिकाको कार्यपालिकाबाट पारित गरिएको स्वयमसेवक शिक्षक भर्ना सम्बन्धि कार्यविधि २०८१ अनुसार हुनेछ ।



नगर प्रमुख
बिनोद कुमार साह

हरिपुर्वा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर्वा, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

फोटो

अनुसूचि :२

## दरखास्त फारमको ढाचाँ

विज्ञापन नं. तह: विषय:

नाम (देवनागरी लिपि)

अंग्रेजीमा :

वाबुको नाम:

आमाको नाम:

जिल्ला:

ठेगाना: वडा नं.

नगरिकता नं. जारी जिल्ला: जारी मिति:

लिङ्ग: धर्म जाति:

शैक्षिक योग्यता:

अध्ययनको विषय वा संकाय:

उत्तीर्ण गरेको साल (न्यूनतम ): प्राप्त श्रेणी :

उत्तीर्ण गरेको साल (माथिल्लो) : प्राप्त श्रेणी:

शिक्षण संस्था :

अध्यापन अनुमति नंम्बर:

अनुभ्व वर्ष :

**पेश गर्नु पर्ने आवश्यक कागजपत्रहरु:**

१.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

२.शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि न्यूनतम र माथिल्लो (आवश्यकता अनुसार )

३.कार्यरत शिक्षकको हकमा अनुभव खुल्ने कागजपत्रको प्रमाणित प्रतिलिपि

४.दलित, मुस्लिम,आदिवासी समूहको लागि प्रमाण खुल्ने प्रमाणित कागजपत्र

विनोद कुमार साह तेली
नगर प्रमुख

फोटो

अनुसूचि :२

दरखास्त फारमको ढाचाँ

विज्ञापन नं. तह: विषय:

नाम (देवनागरी लिपि)

अंग्रेजीमा :

वाबुको नाम:

आमाको नाम:

जिल्ला:

ठेगाना: वडा नं.

नगरिकता नं. जारी जिल्ला: जारी मिति:

लिङ्ग: धर्म जाति:

शैक्षिक योग्यता:

अध्ययनको विषय वा संकाय:

उत्तीर्ण गरेको साल (न्यूनतम ): प्राप्त श्रेणी :

उत्तीर्ण गरेको साल (माथिल्लो) : प्राप्त श्रेणी:

शिक्षण संस्था :

अध्यापन अनुमति नंम्बर:

अनुभव वर्ष :

## पेश गर्नु पर्ने आवश्यक कागजपत्रहरु:

१.नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि

२.शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि न्यूनतम र माथिल्लो (आवश्यकता अनुसार )

३.कार्यरत शिक्षकको हकमा अनुभव खुल्ने कागजपत्रको प्रमाणित प्रतिलिपि

४.दलित, मुस्लिम,आदिवासी समूहको लागि प्रमाण खुल्ने प्रमाणित कागजपत्र

अनुसूचि :३

अन्तरवार्ता फारमको ढाँचाँ

श्री हरिपुर्वा नगरपालिका सलाही

स्वयमसेवक शिक्षक छनौट समिति

२०८१

परीक्षा केन्द्रः मितिः

विज्ञापन नं. तहः

किसिम : प्रकृति

# मौखिक परीक्षाको व्यक्तिगत मूल्याङ्कन फारम

| क्र. स | उम्मेदवारको पूरा नाम,थर | ठेगाना | रोल नं. | न्यूनतम शैक्षिक योग्यता | | माथिल्लो शैक्षिक योग्यता | | अनुभव | अन्तरवार्ता | कूल प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रथम | द्वितीय | प्रथम | द्वितीय | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

मूल्याङ्कनकर्ताको नाम,थर : दस्तखतः पद

## व्यक्तिगत विवरण:

नाम (देवनागरी लिपि)

अंग्रेजीमा :

जिल्ला:

ठेगाना: वडा नं.

नगरिकता नं. जारी जिल्ला: जारी मिति:

लिङ्ग: धर्म जाति:

शैक्षिक योग्यता:

अध्ययनको विषय वा संकाय:

उत्तीर्ण गरेको साल: प्राप्त श्रेणी :

शिक्षण संस्था :

अध्यापन अनुमति नंम्बर:

यस अघि शिक्षण पेशामा रही काम गरेको भए सो को विवरण:

विद्यालयको नाम:

नियुक्ति मिति:

निर्णय मिति:

हाजिरी मिति:

तह:

छाडेको मिति:

छाड्नुको कारण:

कर्मचारीको बुढी औंलाको छाप

| दाया | वाया |
|---|---|
| | |

आज्ञाले

प्रमुख प्रशासकीय अधिकृत